# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

प्रहरी प्रधान कार्यालय अन्तर्गत केन्द्रिय अनुसन्धान व्यूरो, महाराजगंजमा कार्यरत प्रहरी सहायक निरीक्षक नकुल बहादुर वोगटीको नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र छानविन गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले Bihar School Examination Board, Patna बाट माध्यमिक तह पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी बढुवा भई सेवामा बहाल रही लाभ समेत लिएको पुष्टी भएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसूर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसूरको मात्रा अनुसार, छ महिना देखि एक बर्षसम्म कैद र दश हजार रुपियाँ देखि बीस हजार रुपियाँसम्म जरिवाना हुन मागदावी लिइ मिति २०७५/०२/०४ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता